# बागमती गाउँपालिका, मकवानपुर

# बागमती राजपत्र

**खण्डः ९** | **संख्याः ८** | **मितिः २०८२।०४।०५**


## भाग - १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले बनाएको तल लेखिएको बमोजिमको ऐन सोही दफाको उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## बागमती गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०८२

**प्रस्तावना** : बागमती गाउँ क्षेत्रभित्र कृषि तथा पशुपन्छी व्यवसायको व्यावसायीकरण, बजारीकरण, प्रवर्द्धन र व्यवस्थापन गर्न तथा कृषक एवम् कृषि व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ गर्न र कृषि करारको माध्यमबाट उत्पादन बृद्धि गर्नका साथै व्यावसायिक रुपमा कृषि तथा पशुपालन क्षेत्रको समग्र विकास गर्न आवश्यक भई तत् सम्बन्धी कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६, नेपालको संविधानको अनुसूची ८ को बुँदा नं. १५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) को (ण) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम बागमती गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : १) यस ऐनको नाम “बागमती गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०८२” रहेको छ ।

२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,

**(क) “ऐन”** भन्नाले बागमती गाउँपालिकाको कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन ऐन, २०८२ लाई सम्झनु पर्छ ।

**(ख) “सभा”** भन्नाले बागमती गाउँपालिकाको सभालाई सम्झनुपर्छ ।

**(ग) "गाउँपालिका"** भन्नाले बागमती गाउँपालिका सम्झनु पर्छ ।

**(घ) "कार्यपालिका"** भन्नाले बागमती गाउँ कार्यपालिका सम्झनुपर्छ ।

**(ङ) "अध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको अध्यक्षलाई सम्झनुपर्छ ।

(च) **"उपाध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

(छ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ ।

(ज) **"वडा"** भन्नाले बागमती गाउँपालिकाको वडा सम्झनु पर्छ ।

(झ) "मन्त्रालय" भन्नाले सङ्घ तथा प्रदेशको कृषि र पश'पन्छी क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्छ ।

(ञ) "समिति" भन्नाले यस ऐनको दफा १० बमोजिम गठन भएको कृषि पशुपालन व्यवसाय प्रवर्द्धन समिति सम्झनु पर्छ ।

(ट) "कोष" भन्नाले यस ऐनको दफा १४ बमोजिम स्थापित कृषि व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(ठ) "उत्पादक" भन्नाले कृषि तथा पश'पन्छीजन्य वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारीलाई सम्झनु पर्छ ।

(ड) "एजेन्ट" भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ढ) "कृषक" भन्नाले कृषि पेसामा आवद्ध भएका व्यक्ति वा समूहलाई सम्झनु पर्छ ।

(ण) "व्यावसायिक कृषि" भन्नाले परंपरागत कृषि प्रणालीलाई आधुनिकीकरण गर्दै आफ्नो र समुदायको आय आर्जन गर्ने उद्देश्यबाट संचालित कृषि व्यवसायलाई सम्झनु पर्छ ।

(त) "कृषि तथा पशुपालन" भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषि तथा पशुपालन व्यवसायलाई सम्झनु पर्छ ।

(थ) "कृषि तथा पशुपालन फार्म" भन्नाले व्यावसायिक प्रयोजनको लागि अनुसूची १ बमोजिमका बस्तु उत्पादनका लागि सञ्चालन गरिएको फार्म सम्झनु पर्छ ।

(द) "कृषि तथा पशुजन्य बजार" भन्नाले कृषि तथा पशुपालन उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपजको बिक्री वितरण गर्ने बजार सम्झनु पर्छ ।

(ध) "कृषि तथा पशुपालन वस्तु" भन्नाले अनुसूची १ मा उल्लिखित व्यवसायबाट उत्पादित वस्तुको विवरणलाई सम्झनु पर्छ ।

(न) "कृषि तथा पशुपालन व्यवसाय" भन्नाले अनुसूची २ मा उल्लेख भए बमोजिमका विषयलाई सम्झनु पर्छ ।

(प) "खुद्रा बजार" भन्नाले विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(फ) "तोकिएको वा तोकिए बमोजिम" भन्नाले यस ऐन बमोजिम बनेको नियमावली र कार्यविधिमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ब) "थोक बजार" भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि तथा पशुजन्य वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(भ) "बिक्रेता" भन्नाले कृषि तथा पशुजन्य वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समूह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(म) "व्यावसायिक करार" भन्नाले व्यवसायिक कृषि तथा पशुपालन वा कृषि तथा पशुपालन फार्मको सञ्चालन, वस्तुको व्यावसायिक उत्पादन, खरिद, विक्री, सञ्चालन र बजारीकरण गर्न वा व्यवसाय प्रवर्द्धन गर्न दुई वा सोभन्दा बढी पक्षहरुवीच भएको सम्झौतालाई सम्झनुपर्दछ । साथै, यस शब्दले व्यावसायिक प्रयोजनको लागि व्यक्तिगत वा संस्थागत रुपमा लिजमा लिन दिन वा उद्योग संचालनबाट उत्पादन वा आपूर्ति गर्न दुई वा दुईभन्दा बढी पक्षहरूबीच क्षेत्रफल, परिमाण, मूल्य र गुणस्तरको आधारमा भएको करारलाई समेत जनाउँछ ।

(य) "संकलन केन्द्र" भन्नाले व्यवसायिकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(र) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृति लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

(ल) "न्यायिक समिति" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४६ बमोजिम गठित समितिलाई सम्झनु पर्दछ ।

(व) "पशुपालन व्यवसाय" भन्नाले मासु, दुध तथा दुग्धजन्य पदार्थ, अण्डा, हड्डी र ऊन उत्पादन, प्रशोधन वा बिक्री वितरण गर्न र नश्ल सुधारका लागि पशुपन्छी वा माछा पालन गर्ने व्यवसायलाई जनाउने छ र सो शब्दले औषधिजन्य प्रयोगका लागि पालिने घोडा, सर्प (विष उत्पादन गर्न) र अन्य प्रयोजनका लागि पालिने भ्यागुता, मुसा समेतलाई सम्झनु पर्दछ ।

## परिच्छेद २
## व्यवसाय दर्ता तथा बजार सम्बन्धी व्यवस्था

**३. व्यवसाय दर्ता गर्नु पर्ने :** १) व्यावसायिक रुपले कृषि तथा पशु व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ तर निजले अधिकृत स्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार व्यवसाय दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

३) व्यवसाय दर्ता तथा शुल्क सम्बन्धी व्यवस्था आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

४) व्यवसाय दर्ता सम्बन्धी प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**४. कृषि तथा पशु बजारको स्थापना र वर्गीकरण** : १) गाउँपालिकाले आफ्नो क्षेत्र भित्रको कुनै पनि स्थानमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

२) कृषि सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्यावसायिक संस्थाले सम्बन्धित गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

३) कृषिबजारको वर्गीकरण देहायब मोजिम हुनेछ :

(क) थोकबजार,

(ख) खुद्राबजार,

(ग) हाट-बजार,

(घ) संकलन केन्द्र ।

४) उपदफा (३) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क आर्थिक ऐनमा तोकिए बमोजिम हुनेछ ।

५) बजार सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ

**५. स्वास्थ्य, वातावरण तथा जैविक विविधता संरक्षण** : १) कृषि तथा पशुपालन व्यवसाय गर्दा स्वास्थ्य, वातावरण तथा जैविक विविधता संरक्षण सम्बन्धमा देहाय बमोजिमका मापदण्डहरु पूरा गर्नु पर्दछ ।

(क) गोठ तथा घाँस उत्पादनको लागि जग्गाको व्यवस्था,

(ख) आवश्यकता अनुसार वातावरणीय प्रतिवेदन वा प्रारम्भिक वातावरणीय मूल्यांकन वा वातावरणीय प्रभाव मूल्यांकन,

(ग) प्राविधिक परामर्श तथा उपचार सेवाको व्यवस्था,

(घ) तोकिए बमोजिमका अन्य मापदण्डहरु

२) कृषि तथा पशुपालन व्यवसाय गर्दा जैविक विविधताको संरक्षणका लागि गाउँपालिकाले तोकिए बमोजिमको स्थानीय र उन्नत जात दुवैको नश्ल संरक्षण गर्ने गरी व्यवस्था गर्नेछ ।

३) नश्लसुधार र संरक्षण सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**६. बजार सञ्चालन तथा व्यवस्थापन समिति :** १) यस ऐनको दफा (४) बमोजिम स्थापना भएको कृषि तथा पशु बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि बजार व्यवस्थापन तथा संचालन समिति गठन गरिनेछ ।

२) बजार व्यवस्थापन तथा सञ्चालन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**७. भण्डारण व्यवस्था :** १) गाउँपालिकाले गोदाम र शीत भण्डार निर्माण गरी कृषि उत्पादनलाई सुरक्षित भण्डारण गर्ने व्यवस्था मिलाउनेछ ।

२) उपदफा (१) बमोजिमको प्रयोजनका लागि सार्वजनिक निजी साझेदारी (Public Private Partnership-PPP) वा सहकारी माध्यमबाट शीत भण्डार र गोदाम निर्माण तथा संचालनको व्यवस्था मिलाउन सक्नेछ ।

बागमती गाउँपालिका, मकवानपुर

३) उपदफा (१) र (२) बमोजिमको मापदण्ड प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

**८. पशु बध सम्बन्धी व्यवस्था** : १) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र व्यावसायिक प्रयोजनका लागि तोकिएको स्थान र तरिका बमोजिम मात्र पशु बध गर्न पाउने व्यवस्था गर्न सक्नेछ ।

२) उपदफा (१) को प्रयोजनको लागि गाउँपालिका क्षेत्रभित्र पशुबध स्थल वा पशु वधशाला स्थापना गरिनेछ ।

३) पशु बधशाला, वध स्थल र मासु जाँचको व्यवस्था र मापदण्ड प्रचलित कानून र गाउँपालिकाले तोके बमोजिम हुनेछ ।

४) निजी प्रयोजनका लागि गरिने पशुबध सम्बन्धमा गाउँपालिकाले आवश्यक शर्त र मापदण्डहरु बनाई लागू गर्नेछ ।

५) प्रचलित कानुन र यस ऐनमा उल्लेख भए बाहेक अन्य स्थान, तरिका र निषेधित पशुहरु वध गरेमा तोकिए बमोजिमको जरिवाना र कारवाही गरिनेछ ।

**९. पशु बधशाला सञ्चालन तथा व्यवस्थापन समिति :** १) दफा ८ को उपदफा (३) बमोजिमको पशु बधशालाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि समिति गठन गरिनेछ ।

२) समितिको गठन र संचालन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद-३
## कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

**१०. कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन समिति :** १) कृषि तथा पशुपालन क्षेत्रको समग्र विकास तथा प्रवर्द्धन लगायतका कार्य गर्न गाउँपालिकामा स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समिति रहनेछ ।

२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका पदाधिकारीहरु रहने छन् :

(क) गाउँपालिका अध्यक्ष – अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक विकास समितिको संयोजक – सदस्य

(ङ) समितिले मनोनयन गरेको विषय विज्ञ सदस्य एक जना – सदस्य

(च) समितिले मनोनयन गरेको व्यावसायिक किसानमध्ये कृषि बाट १ र पशुपालनबाट १ गरी दुई जना – सदस्य

(छ) गाउँपालिकाको पशुसेवा शाखा प्रमुख – सदस्य

(ज) गाउँपालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आँफैले निर्धारण गरे बमोजिम हुनेछ।

५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकता अनुसार विभिन्न उपसमितिहरु गठन गर्न सक्नेछ।

**११. समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

क) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति, मापदण्ड तथा योजना तर्जुमा गर्ने,

ख) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न सङ्घीय तथा प्रादेशिक निकायसँग समन्वय र सहकार्य गर्ने,

ग) कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्य गर्ने,

घ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्था गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

ङ) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

च) तोकिए बमोजिमका अन्य आवश्यक कार्य गर्ने।

**१२. कृषि तथा पशुपन्छी व्यवसायलाई सुविधा :** १) गाउँपालिकाले कृषि तथा पशुपालन व्यवसायलाई प्रोत्साहन र प्रवर्द्धनका लागि देहाय बमोजिम सहुलियत तथा सुविधा दिन सक्नेछ :

(क) स्थानीय कर निकासी शुल्क छुट,

(ख) व्यवसाय प्रवर्द्धन सम्बन्धी प्रविधि प्रयोग र विस्तारमा अनुदान,

(ग) व्यवसाय प्रवर्द्धनका लागि सिँचाई, विद्युत, वीउविजन, मलखाद,

(घ) प्रविधि हस्तान्तरण र क्षमता विकास।

(ङ) व्यवसाय सञ्चालनका लागि निश्चित समयावधि निर्धारण गरी चक्र कोषको रुपमा वीउ पुँजी

२) उपदफा (१) बमोजिम दिइने सहुलियत तथा सुविधाहरु सभाले तोके बमोजिम हुनेछ।

३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा समितिको सिफारिसमा कार्यपालिकाले तोके बमोजिम हुनेछ।

**१३. ऋण सम्बन्धी व्यवस्था :** १) कुनै पनि बैंक वा वित्तीय संस्थाले सो संस्थाको नियम बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय संचालनका लागि ऋण उपलव्ध गराउन सक्नेछ।

२) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमको व्यावसायिक करार सम्बन्धी सम्झौतालाई धितोका रूपमा स्वीकार गरी कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (१) बमोजिमको ऋण उपलव्ध गराउन सक्नेछ।

३) उपदफा (२) बमोजिम उपलब्ध गराउने ऋणलाई सरकारको अति प्राथमकिता क्षेत्रमा कर्जा लगानी गरेको सरह मानी सो वापत उक्त बैंक वा वित्तीय संस्थाले पाउने सुविधा समेत पाउन सक्नेछ।

४) कुनै बैंक वा वित्तीय संस्थाले उपदफा (२) बमोजिम गरेको लगानी उठ्न नसक्ने भई अपलेखन गर्नु पर्ने भएमा सो अपलेखन गरेको वर्षको खुद करयोग्य आयबाट सो अङ्क बरावरको रकम घटाउन सक्नेछ।

५) कृषि तथा पशुपन्छी व्यवसाय संचालन प्रयोजनार्थ ऋण लगानी गर्न गाउँपालिकाले बैंक तथा वित्तीय संस्थासँग सहकार्य, समन्वय र सहजीकरण गर्नेछ।

## परिच्छेद-४

## कोषको स्थापना तथा सञ्चालन

**१४. कोषको स्थापना :** १) कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन गर्नका लागि एक छुट्टै कृषि व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ।

२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:-

(क) सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त हुने रकम,

(ख) गाउँपालिकाबाट प्राप्त हुने रकम,

(ग) विदेशी दातृ राष्ट्र तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाबाट प्राप्त हुने रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम।

३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि सङ्घीय अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ।

**१५. कोषको सञ्चालन :** १) कोषको संचालन देहाय बमोजिम हुनेछ :

(क) कोषमा रहेको रकम प्रचलित कानुन बमोजिम मान्यता प्राप्त बैंकमा खाता खोली संचालन गरिनेछ।

(ख) कोषको खर्च समितिको निर्णय बमोजिम हुनेछ।

(ग) कोषको लेखा गाउँपालिकाको लेखा शाखाले राख्नेछ।

(घ) कोषको सञ्चालन प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

२) गाउँपालिकाको नीति, कानुन तथा निर्देशन बमोजिम कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्नका लागि कोषको रकम खर्च गरिनेछ।

**१६. लेखा र लेखापरीक्षण :** कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ।

## परिच्छेद ५



बागमती गाउँपालिका, मकवानपुर

## व्यावसायिक करार (लिज)

**१७. व्यावसायिक करार गर्न सकिने**: १) यस ऐन बमोजिम कृषि तथा पशुपन्छी व्यवसायको प्रवर्द्धन गर्न दुई वा दुई भन्दा बढी पक्षबीच व्यावसायिक करार गर्न सकिनेछ

२) उपदफा (१) बमोजिम करार गर्दा प्रचलित कानुनको अधीनमा रहि पक्षहरुको आपसी सहमतिमा कागजी र विद्युतीय प्रणालीको माध्यमबाट समेत गर्न सकिनेछ ।

३) उपदफा (२) बमोजिमको करार गर्दा अपनाउनु पर्ने प्रक्रिया अनुसूची ३ बमोजिमको ढाचाँमा हुनेछ ।

**१८. जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिने**: गाउँपालिकाले कृषि तथा पशुपन्छी व्यवसाय गर्ने प्रयोजनका लागि कुनै व्यक्ति, फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति वा सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ ।

**१९. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने**: १) कुनै कृषक वा कृषि तथा पशुपन्छी व्यवसाय गर्ने प्रयोजनका लागि कुनै व्यक्ति, फार्म वा व्यवसायी, कृषक समूह वा त्यस्ता कृषक समूह मिलेर बनेको समिति वा सहकारीलाई जग्गा तथा भौतिक सम्पत्ति करार गरी उपलब्ध गराउन सक्नेछ।

**२०. जग्गा तथा भौतिक साधन माग गर्न सक्ने**: १) कुनै कृषक वा कृषि तथा पशुपन्छी व्यवसायीले व्यावसायिक रुपमा कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी कार्य गर्नका लागि प्रचलित कानुनको प्रतिकूल नहुने गरी करार बमोजिम जग्गा तथा भौतिक साधन प्राप्त गर्न दफा १७ र १८ बमोजिमका व्यक्ति वा निकायसँग माग गर्न सक्नेछ । .

२) उपदफा (१) बमोजिम जग्गा तथा भौतिक साधन माग भई आएमा निश्चित अवधि तोकी प्रचलित कानुन बमोजिम सम्बन्धित पक्ष वा निकायले करारमा जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सक्नेछ ।

३) जग्गा तथा भौतिक साधन उपलब्ध गराउने सम्बन्धी प्रक्रिया तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**२१. जग्गा बाँझो राख्न नपाइने**: १) गाउँपालिका क्षेत्रभित्र कृषि योग्य जमिनहरु बाँझो राख्न पाइने छैन ।

२) कृषि योग्य जमिन बाँझो रहेको खण्डमा त्यस्ता जमिनहरु कुनै फर्म, कम्पनी वा गाउँपालिकालाई करारमा दिनु पर्नेछ ।

३) उपदफा (१) र (२) बमोजिम नगरी जमिन लगातार २ बर्षसम्म बाँझो राखेमा गाउँपालिकाले आर्थिक ऐनमा तोकिए वमोजिमको जरिवाना लगाउन सक्नेछ ।

**२२. स्वामित्व हस्तान्तरण नहुने**: ऐनको दफा १७ बमोजिम कुनै जग्गा वा भौतिक सम्पत्ति उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मात्र जग्गा वा भौतिक सम्पत्तिमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

**२३.पुनः करार गर्न नहुनेः** ऐन बमोजिम करार गर्ने पक्षले दोस्रो पक्षको सहमति नलिई सोही बिषयमा तेस्रो पक्षसँग पुनः करार गर्न पाउने छैन ।

**२४. व्यावसायिक करारका विषयवस्तुहरू :** १) ऐन बमोजिम कृषि तथा पशुपन्छी व्यवसाय सम्बन्धी करार गर्दा करारको प्रकृति र अवस्था स्पष्ट उल्लेख भएको हुनु पर्नेछ ।

२) ऐनको प्रतिकूल नहुने गरी पक्षहरूको सहमतिमा उपदफा (१) मा उल्लिखित विषय बाहेकका अन्य उपयुक्त विषयवस्तुहरु समेत व्यावसायिक करारमा समावेश गर्न सकिनेछ ।

**२५. व्यावसायिक करारका पक्षहरूको दायित्व :** १) ऐनको दफा १७ र १८ बमोजिम कृषि तथा पशुपालन व्यवसाय सञ्चालन गर्न लिएको जग्गा तथा भौतिक सम्पत्तिका पक्षहरूको दायित्व यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य दायित्व करारमा तोकिए बमोजिम हुनेछ ।

२) वस्तुको परिमाण वा क्षेत्र तोकी गरिने व्यवसायमा पक्षहरूको दायित्व पक्षहरू बीच करार भएकोमा यस ऐनमा उल्लेख भएको अतिरिक्त अन्य कुराहरू करारमा उल्लेख भए बमोजिम हुनेछ ।

३) व्यावसायिक करार गर्ने पक्षहरूले करार प्रयोजनका लागि उत्पादन सामग्री, प्रविधि र ऋण वा अन्य सहायता आफैं वा वित्तीय संस्थाहरू मार्फत तोकिएका शर्तहरूको आधारमा उपलब्ध गराउने गरी आ-आफ्नो दायित्व निर्धारण गर्न सक्नेछन् ।

४) व्यावसायिक करार गर्ने पक्षहरुले प्रचलित कानुनको प्रतिकूल नहुने गरी करार गर्नु पर्नेछ ।

**२६. करार पूरा गर्नुपर्ने समय र तरिका :** १) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लिखित समय र तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहेनछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा मनासिब माफिकको समयभित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

**२७. करार पूरा गर्ने स्थान :** १) करार बमोजिम काम पूरा गर्न निश्चित स्थान तोकिएको भए सोही स्थानमा पूरा गर्नु पर्नेछ ।

२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान करारमा तोकिएकोमा सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

**२८. करार पूरा गर्नु नपर्ने अवस्था :** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन :

क) करारको एक पक्षले अर्को पक्षलाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा,

ख) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा,

ग) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा,

घ) यस ऐनको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा,

ङ) प्राकृतिक प्रकोप वा अन्य भवितव्यको कारणबाट करार गर्दाको परिस्थितिमा आधारभूत परिवर्तन भई करारको परिपालना गर्न असम्भव भएमा ।

**२९. करार दर्ता गर्नुपर्ने :** १) यस ऐन अन्तर्गत सम्पन्न गरिएका करारहरु सम्झौता भएको मितिले पैंतीस दिनभित्र गाउँपालिकामा दर्ता गर्नु पर्नेछ ।

२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकिए बमोजिमको दस्तुर लाग्नेछ ।

३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त हुनेछैन ।

४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति गाउँपालिकाले तोकिएको अधिकारीले अनिवार्य रूपले राख्नु पर्नेछ ।

५) उपदफा (१) बमोजिमको करारदर्ता गर्न दुवै पक्षहरू स्वयम् वा उनीहरूको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

६) गाउँपालिकाले कुनै व्यवसाय करार दर्ता गर्न ल्याएमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनुपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरूले पालन गर्नु पर्नेछ ।

**३०. विवादको समाधान :** १) यस ऐन अन्तर्गत गरिएका करारको कार्यान्वयनको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा पक्षहरूले आपसी बार्ताबाट त्यस्ता विवादहरू समाधान गर्न सक्नेछन् ।

२) उपदफा (१) बमोजिम वार्ताबाट विवाद समाधान हुन नसकेमा पक्षहरुले न्यायिक समितिमा निबेदन दिन सक्ने छन् ।

३) उपदफा (२) बमोजिम निबेदन पर्न आएमा न्यायिक समितिले साठी दिनभित्र मेलमिलापको माध्यमबाट विवादको टुङ्गो लगाउनु पर्नेछ ।

४) न्यायीक समितिबाट मेलमिलाप हुन नसकेमा वा कुनै पक्ष अनुपस्थित भएमा न्यायिक समितिले सम्बन्धित अदालतमा पठाउनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

**३१. क्षतिपूर्ति सम्बन्धी व्यवस्था :** १) करार कार्यान्वयनको सन्दर्भमा कुनै पक्षका काम कारवाहीबाट अर्को पक्षलाई क्षति पुग्न गएमा करारमा नै क्षतिपूर्तिको मात्रा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा



मनहरी गाउँपालिका, मकवानपुर

सम्झौताको प्रकृति, स्थलगत निरीक्षण, स्थानीय सरजमिन, विशेषज्ञको राय, प्रचलित दरभाउ समेत बुझी सोको आधारमा मर्का पर्ने पक्षलाई कार्यपालिकाले क्षतिपूर्ति भराइदिने निर्णय गर्न सक्नेछ ।

२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि पक्षको काबु बाहिरको परिस्थितिले गर्दा करारको यथावत् परिपालना हुन नसकेको अवस्थामा यस ऐन बमोजिमको दायित्व तिर्नु व्यहोर्नु पर्ने छैन तर करार गर्दाको अवस्थामा पक्ष बीच कुनै लेनदेन भएको रहेछ भने अवस्था हेरी मर्का पर्ने पक्षलाई लेनदेनको सामान, वस्तु वा नगद फिर्ता दिनु पर्नेछ ।

**३२. अनुगमन सम्बन्धी व्यवस्था :** १) कृषि तथा पशुपन्छी व्यवसायको अनुगमन सम्बन्धी व्यवस्था स्थानीय बजार व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे बमोजिम हुनेछ ।

२) कुनै विशेष परिस्थिति वा आकस्मिक रुपमा अनुगमन गर्नु परेमा गाउँपालिकाले छुट्टै अनुगमनको व्यवस्था गर्न सक्नेछ ।

**३३. कारवाही चलाउने तथा दण्ड सजाय गर्ने अधिकारी :** १) यस ऐन बमोजिम दण्ड सजाय गर्ने वा क्षतिपूर्ति भराउने अधिकार स्थानीय न्यायिक समितिलाई हुनेछ ।

२) यस ऐन बमोजिम कारवाही तथा सजाय हुने मुद्दा अनुसन्धान तथा तहकिकात गर्ने अधिकारीले सम्बन्धित जिल्ला सरकारी वकिल कार्यालयको परामर्श तथा सहयोग लिन सक्नेछ ।

**३४. दण्ड सजाय :** १) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय वा जरिवाना हुनेछ :

क) दफा ४ विपरित कृषि तथा पशु बजार स्थापना र सञ्चालन गरेमा पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म,

ख) मनासिव कारण वेगर दफा ३१ को उपदफा (४) को कार्य नगरेमा वा गर्न इन्कार गरेमा त्यस्तो कार्यालयको मुख्य भई कार्य गर्ने अधिकारी वा त्यस्तो कार्य कुनै अधिकारीलाई प्रत्यायोजन गरिएकोमा त्यस्तो जिम्मेवारी प्राप्त अधिकारीलाई पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म,

ग) दफा २९ बमोजिम क्षतिपूर्ति भर्ने आदेश दिएकोमा लापरवाही पूर्वक त्यस्तो क्षतिपूर्ति नदिएमा त्यस्तो अटेर गर्नेलाई पच्चीस हजारदेखि पचास हजार रूपैयाँसम्म,

२) यस ऐन वा यस ऐन अन्तर्गत बनेको नियमावली विपरीत कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराइनेछ ।

**३५. पुनरावेदनः** यस ऐनको दफा ३१ बमोजिम दिएको सजायमा चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन दिन सक्नेछ ।

**३६. बिमा सम्बन्धी व्यवस्थाः** १) व्यावसायिक उत्पादनको आधारमा प्रचलित कानुन बमोजिम बिमा गर्नुपर्ने छ ।

२) व्यावसायिक उत्पादन, प्रोत्साहनका लागि गाउँपालिकाले आफ्नो नीति बमोजिम बिमा शुल्कमा अनुदान दिन सक्नेछ ।

**३७. प्रचलित कानुन बमोजिम हुने**: यस ऐनमा लेखिएका विषयमा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ र यस ऐनमा उल्लेख भएका कुनै प्रावधान प्रचलित कानुनसँग बाझिन गएमा बाझिएको हद सम्म स्वतः अमान्य हुनेछ ।

**३८. बौद्धिक सम्पत्तिको संरक्षण गर्नु पर्ने :** यस ऐन बमोजिम व्यवसायको प्रवर्द्धन गर्दा वा व्यावसायिक करार गर्दा वौद्धिक सम्पत्ति, भौगोलिक परिचय तथा कृषक अधिकार समेतको संरक्षण हुने गरी गर्नु पर्नेछ ।

**३९. नियम वनाउन सक्ने:** यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

**४०. खारेजी र बचाउ:** १) बागमती गाउँपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७५ खारेज गरिएको छ ।

२) यस ऐनको उद्देश्य तथा बिषय क्षेत्रमा प्रचलित कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची (१)
## दफा २ को खण्ड (त), (थ) र (ध) सँग सम्बन्धित
## कृषि तथा पशुपालन व्यवसाय

(१) खाद्यान्न बाली,

(२) वागवानी (फलफूल, तरकारी, मसलाबाली, पुष्प) र जडिबुटी,

(३) पशु, पन्छी,

(४) माछा, मासु, दुध, फुल, हाड, छाला, ऊन,

(५) च्याउ,

(६) मौरी पालन, रेशम,

(७) चिया, कफी, अलैंची, सुपारी, घाँसेवाली,

(८) तेलहन, दलहन,

(९) कपास, जुट, उखु, रबर खेती,

(१०) कृषि पर्यटन,

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औद्योगिक प्रयोजनमा हुने कृषि वस्तुहरु,

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग,

(१३) कृषि तथा पशुजन्य उत्पादन सामग्री (दाना, मलखाद, विषादी, औषधि) आदिको प्रशोधन उद्योग,

(१४) खेती प्रणालीमा समाबिष्ट कृषि तथा पशुजन्य वस्तुहरु ।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची (२)
## दफा २ को खण्ड (न) सँग सम्बन्धित
## कृषि तथा पशु पालन व्यवसायको विवरण

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि तथा पशुजन्य वस्तुको उत्पादन,

(२) कृषि तथा पशुजन्य वस्तुको प्रशोधन,

(३) कृषि तथा पशुजन्य उपजको भण्डारण तथा व्यापार,

(४) कृषि तथा पशुजन्य उत्पादनका लागि प्रयोग हुने घाँस, दाना, चारो, रासायनिक वा प्राङ्गारिक मलको उत्पादन,

(५) कृषि तथा पशुजन्य उत्पादनका लागि आवश्यक वीउ, वेर्ना, नश्ल र भुरा तथा चल्लाको उत्पादन, भण्डारण वितरण,

(६) कृषि तथा पशुजन्य प्रयोग हुने रासायनिक र जैविक विषादीको उत्पादन, भण्डारण तथा विक्री वितरण,

(७) कृषि तथा पशुपालन सम्बन्धी परामर्श सेवा,

(८) कृषि तथा पशुपालन सम्बन्धी प्रचलित कानुनमा तोकिएका व्यवसाय।

बागमती गाउँपालिका, मकवानपुर

## अनुसूची (३)

## परिच्छेद ५ को दफा १७ को उपदफा (३) सँग सम्बन्धित

## करारको ढाँचा

लिखितम् लिज करार गरिदिनेको नाम ............................................... को नाति/नातिनी ................................................ को छोरा/छोरी .................................. प्रदेश............ जिल्ला........................ गाउँपालिका ...................... वडा नं............बस्ने वर्ष ..... को .................................. (यसपछि पहिलो पक्ष भनिएको छ) ले मेरा/एकाघरका परिवार.........................का नाउँमा दर्ता कायम रहेको मेरो आफ्नै हकभोग भएको अरु कसैलाई दोहोरो लिखित गरी नदिएको मकवानपुर जिल्ला बागमती गाउँपालिका वडा नं...........नक्सा सिट नं. ...... कित्ता नं.......को ज.वि............... र त्यसमा बनेको .................तलाको घर, ..........गोदाम र त्यसमा भएको लिज बापत लेखिएको सम्पूर्ण भौतिक सम्पत्ति लिज करारमा दिने भएकोमा आगे लिज करार गरिलिने ........................को नाति/नातिनी ......................को छोरा/छोरी............................ प्रदेश......... जिल्ला ......... गाउँपालिका .............. वडा नं.........बस्ने वर्ष......को ......................................... ( यसपछि दोस्रो पक्ष भनिएको छ) ले माथि लेखिएको जग्गा जमीन, भौतिक सम्पत्ति लिजमा करार माग गरेकोमा हामी दुवैपक्ष सहमत भै मासिक/वार्षिक वा ..................... रु ........... वा जिन्सी......................लिज भाडा हुने गरी तपसिल बमोजिमका शर्तमा लिज करारनामा गरेका छौं । यो करारनामा गरेको होइन भनि कुनै पक्षले कही कतै उजुरबाजुर गर्ने छैन, गरे यसैले बदर गरिलिनु भनि तपसिलका साँक्षीको रोहवरमा बसी यो करारनामा लेखी लेखाई सही छाप गरी एक एक प्रति बुझि लियौँ/दियौँ ।

### करारका सर्तहरु

१. प्रत्येक ......... महिना/वर्षमा करारको किस्ता बापत बुझाउनु पर्ने नगद रु. ................ वा जिन्सी .................. दोस्रो पक्षले बुझाउने र पहिलो पक्षले किस्ता वापत बुझी भर्पाई गरिदिने ।

२. करार म्याद मिति ............... देखि .............सम्म हुनेछ ।

३. पक्षहरुको आपसी सहमतिमा नवीकरण थप हुन सक्नेछ ।

४. जग्गा र निर्माण संरचनाको स्वरुप परिवर्तन गर्नुपर्ने भए वा नयाँ निर्माण गर्नुपर्ने भए दुवै पक्षको सहमतिमा गर्ने ।

४ शर्त बमोजिम पहिलो पक्षले जग्गा जमिन र संरचना दोस्रो पक्षलाई उपलब्ध गराउने ।

५. बत्ती पानी आदिको खर्च दोस्रो पक्षले व्यहोर्ने ।

६. म्याद समाप्त भए पछि पक्षहरुले आपसी सहमतिमा जग्गा जमिन र भौतिक सम्पत्ति बुझि लिने दिने ।

७. दुवैपक्षले आ आफ्नो पक्षलाई लाग्ने कर तिर्ने ।

८. काबु बाहिरको परिस्थिति बाहेक लिजमा लिएको जग्गाजमिन भौतिक सम्पत्तिमा क्षति भए दोस्रो पक्षले व्यहोर्नु पर्नेछ ।

९. पहिलो पक्षले दोस्रो पक्षलाई करार बमोजिम दिएको जग्गाजमिन र भौतिक सम्पत्ति उपयोग गर्न बाधा गरेमा दोस्रो पक्षले क्षतिपूर्तिका लागि दावी गर्न पाउने छ।

१०. पक्षहरु बीच असमझदारी उत्पन्न भएमा ऐनमा तोकिए अनुसार हुनेछ।

११. अन्य शर्तहरु आवश्यकता अनुसार थप गर्न सकिनेछ।

**पहिलो पक्ष**

नाम, थर :

दस्तखत

दायाँ बायाँ

| | |
|---|---|
| | |

**दोस्रो पक्ष**

नाम थर :

दस्तखत

दा बा

| | |
|---|---|
| | |

**रोहवरका साँक्षीहरु**

| क्र.सं. | नाम, थर | उमेर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

**कलमी**

| क्र.सं. | नाम, थर | ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| | | | |

मुकाम........................................मा।

इति संवत् २०..... साल ...... महिना ........ गते रोज् ........ शुभम्।

आज्ञाले,

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत

बागमती गाउँपालिका, मकवानपुर